## नेपाल सरकार
## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
**नयाँ बानेश्वर, काठमाडौं**

**प्रथम पटक प्रकाशित मितिः २०७६/०४/२३**

यस विभागको आ.व. २०७६।०७७ को सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम अर्न्तगत विशिष्टिकृत कार्यका लागि विज्ञ सेवा आवश्यक परेको हुँदा देहाय बमोजिम योग्यता र अनुभव भएका व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र न्यूनतम पारिश्रमिक दावी गरि कार्य प्रस्ताव बनाई छुट्टा छुट्टै सिलवन्दी गरी सहकारी विभाग नयाँ बानेश्वरमा पेश गर्नुहुन आह्वान गरिन्छ ।

**तपशिल**

१) विषय विज्ञको किसिमः- कम्प्यूटर इन्जिनियर

२) आवश्यक संख्याः- १ (एक)

३) आवश्यक योग्यता/अनुभवः- कम्प्यूटर/आई.टी इन्जिनियरिङमा कम्तिमा स्नातक तह वा सो सरह उतिर्ण गरेको/कम्तीमा ३ वर्ष कम्प्यूटर प्रोग्रामिङ -माईक्रोसफ्ट नेट फ्रेमवर्क र ए. भी. सी. मा कामकाज गरेको, तथ्याङ्क व्यवस्थापन प्रणाली विकासमा अनुभव भएको, माइक्रोसफ्ट एस क्यूएल सरभर २०१४ वा त्यो भन्दा माथिको ज्ञान भएको, वेभ बेस एप्लिकेसन विकासमा अनुभव भएको,

४) काम गर्नुपर्ने स्थानः- सहकारी विभाग, नयाँ बानेश्वरमा मुकाम गरी विभागबाट तोकिए अनुसार,

५) काम गर्नेपर्ने अवधिः- ६ महिना (३/३ महिनामा करार सेवा सम्झौता गरिने),

६) कार्य विवरणः- सहकारी विभागले स्वीकृत गरेको कार्यशर्तनामा (Terms of Reference) र सम्झौताका शर्त अनुसार हुनेछ । कार्यशर्तनामा र पेश गर्नुपर्ने प्रस्तावको ढाँचा विभागबाट कार्यालय समयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र खरिद गर्न सकिनेछ,

७) दरखास्त दस्तुरः- रु १०००।- (एक हजार रुपैयाँ) फिर्ता नहुने गरी,

८) छनौट आधारः- कार्यशर्तनामामा उल्लेख भए अनुसारका आधारका अलावा विभागले तय गरेको मूल्याङ्कनका आधारमा विषय विज्ञलाई छनौट गरिनेछ,

९) पारिश्रमिकः- आपसी सहमतिमा हुनेछ,

१०) पेश गर्नुपर्ने कागजात विवरणः- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी सहित कार्यशर्तनामामा उल्लेख भए अनुसार कागजातहरू र दस्तुर बुझाएको रसिद, पेश भएका प्रस्तावहरूको स्वीकृत वा अस्वीकृत वा स्थगित गर्ने अधिकार सहकारी विभागमा निहित रहनेछ । रीत नपुगेका प्रस्ताव उपर कुनै कारबाहि गरिने छैन ।